प्रथम पटक प्रकाशन   मिति २०७६/०३/१०

**मायादेवी गाउँपालिका रूपन्देहीको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी १५ दिने सिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना ।**

मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ आन्तरिक आय संकलनको लागि तपसिल बमोजिमको स्थानमा बाटो मर्मत तथा भौतिक पुर्वाधार शुल्क उठाउने ठेक्का वन्दोवस्त गर्नु परेकोले मायादेवी गाउँकार्यपालिकाको मिति २०७५/०२/३१ गतेको निर्णय बमोजिम कर उठाउने गरी इच्छुक व्यक्ति तथा फर्मबाट देहायका शर्तको अधिनमा रहि शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

- बाटो मर्मत तथा वातावरण शुल्कको दररेट मायादेवी गाउँपालिकाबाट प्राप्त गर्न सकिने छ ।
- प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नु पर्ने छ ।
- ठेक्का रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।
- आफुले कबोल गरेको रकमको नेपाली नागरिक भए (नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न हुनुपर्ने) दरभाउपत्र साथ ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुने रकम धरौटी स्वरुप मायदेवी गाउँपालिकाको कृषि विकास बैंक भैरहवाको धरौटी खाता नं. ०४१४३०११५१०१००४२ मा जम्मा गरेको सक्कल भौचर सिलवन्दी दरभाउपत्र साथ संलग्न हुनुपर्ने छ । तर चेक र नगदलाई मान्यता दिइने छैन ।
- कार्यालय प्रमुखको सहिछाप नभएको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन।
- दरभाउपत्र फाराम रु. १००० (फिर्ता नहुने गरी) को नगदी रसिद काटी मिति २०७६/०३/१० देखि २०७६/०३/२४ सम्म कार्यालय समय भित्र माया देवी गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।
- प्रथम किस्ता दरभाउ पत्र स्वीकृत भई सूचना पाएको मितिले ७ दिन भित्र दाखिला गरी बाँकी किस्ताका लागि धन जमानी वा धितो ग्यारेन्टी सहित पट्टा उठाउनु पर्नेछ, अन्यथा धरौटी जफत गरी अर्को व्यवस्था गरिनेछ ।
- दरभाउ पत्र पेश गर्ने अन्तिम मिति २०७६/०३/२५ गते (सार्वजनिक विदा परेमा भोली पल्ट) दिनको १२ बजे भित्र मायादेवी गाउँपालिकामा दर्ता गराइसक्नु पर्नेछ ।
- दरभाउ पत्र मिति २०७६/०३/२५ गते दिनको २ बजे मायादेवी गाउँपालिकामा दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको उपस्थितिमा खोलिनेछ, दरभाउ पत्र दाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
- आँधी, हुरी, झरी, बन्द, हडताल आदी कुनै पनि कारणबाट बन्द भएता पनि ठेक्का रकम मिनाहा हुने छैन ।
- दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मायादेवी गाउँपालिकामा सुरक्षित रहनेछ ।
- सरकारी सवारी साधन तथा कृषि प्रयोजनका लागि गोबर मल, पराल, भुसा, खाधान्न आदि कृषक संग सम्वन्धित ब्यक्तिगत प्रयोजनका लागि सामान बोकेको सवारी साधनको सवारी दस्तुर लिन पाइने छैन ।
- बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र मायादेवी गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ ।
- यो सूचनामा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपसिल**

ठे.नं. १ मायादेवी ४ पेपरमिल नाका न्यूनतम अंक रू ११,०५,५००/- (रु एघार लाख पाँचहजार पाँचसय मात्र)
ठे.नं. २ मायादेवी ३ र ६ सिद्धार्थ नाका (बरेवा गुरवनिया) अंक रू ४०,००,००१/- (रु चालिस लाख एक मात्र)
ठे.नं. ३ मायादेवी ४ गोयनका नाका न्यूनतम अंक रू. १७,०५,०००/- ( रु सत्र लाख पाच हजार मात्र )

मायादेवी गाउँपालिका
रूपन्देही

प्रथम पटक प्रकाशित मिति २०७६/०३/१०

**मायादेवी गाउँपालिका रूपन्देहीको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी १५ दिने शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना ।**

मायादेवी गाँउपालिका वडा न. ६ वेथरीमा लाग्ने हाटबजारको आर्थिक वर्ष ०७६/७७ (२०७६ श्रावण १ देखि २०७७ असार मसान्त सम्म) १ वर्षको लागि बैठकी कर दस्तुर उठाउन ठेक्का बन्दोवस्त गर्नु परेकोले मायाँदेवी गाँउपालिकाको मिति २०७५/०२/३१ गतेको निर्णय बमोजिम तपसिल बमोजिमको शर्तको अधिनमा रही कर दस्तुर उठाउने गरी शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१) न्यूनतम ठेक्का अंक रु २,६१,१००(रु दुइ लाख एकसठ्ठी हजार एकसय मात्र) ।

२) ठेक्का रकमको नेपाली नागरिक भए (नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनु पर्ने) ५ प्रतिशत र गैर नेपाली भए १० प्रतिशतले हुने रकम धरौटी स्वरुप गाउँपालिकाको धरौटी खाता नं ०४१४३०११५१०१००४२ मा जम्मा गरेको भौचर दरभाउपत्र साथ संलग्न हुनु पर्ने छ । तर चेक र नगदलाई मान्यता दिइने छैन ।

३) दरभाउपत्र फाराम यस गाउकार्यपालिकाको कार्यालयबाट रु १०००/- (एकहजार) फिर्ता नहुने गरी रसिद काटी २०७६/०३/१० गते देखि मिति २०७६/०३/२४ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

४) ठेक्का सदर भएको ५ दिन भित्र एकमुष्ट रकम जम्मा गर्नु पर्नेछ अन्यथा राखेको धरौटी रकम जफत गरी ठेक्का अरुलाई दिइने छ ।

५) सिलवन्दी बोलपत्र फाराम मिति २०७६/०३/२५ (सार्वजनिक विदा परेमा भोली पल्ट) दिनको १२ बजे भित्र मायादेवी गाउँपालिकामा दर्ता गराइसक्नु पर्नेछ ।

६) यस कार्यलयमा तोकेको समय भित्र परेको टेण्डरहरु मिति २०७६/०३/२५ गते दिनको २ बजे ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा गाँउकार्यपालिकाको कार्यालयमा खोलिने छ । साथै ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी खोल्न बाधा पर्ने छैन ।

७) कार्यालय प्रमुखको सहीछाप नभएको र म्याद नाघी आएको शिलबन्दीलाई मान्यता दिइने छैन ।

८) ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार मायादेवी गाउँकार्यपालिकामा सुरक्षित रहनेछ ।

९) ठेक्का रकम अंक र अक्षरमा बुझिने गरी उल्लेख गर्नु पर्ने छ ।

१०) हाट बजार लाग्ने दिन हप्ताको २ दिन मंगलवार र शनिवार मात्र हुनेछ ।

११) बजार लाग्ने स्थान मायादेवी ६ बेथरी ।

१२) विस्तृत जानकारीको लागि मायादेवी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१३) ठेकेदार तथा गाउँपालिका विच कुनै विवाद भएमा गाउपालिकाकोको निर्णय अन्तिम हुनेछ । त्यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

१६) यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

मायादेवी गाउँपालिका
रूपन्देही